# प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मिति : २०८०।०४।१०)**

पाँचखाल नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद १ (एक) खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित कार्यालय समयमा निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

| विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|
| ०१-२०८०/८१ | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाँचौं तह सरह | १ (एक) |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-**
क. सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको,
ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
ग. आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,
घ. पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा छ महिनाको अनुभव भएकोलाई ग्राह्यता दिइनेछ।

**२. दरखास्त दिने स्थान** :- पाँचखाल नगर कार्यपालिकाको कार्यालय, प्रशासन शाखा।

**३. दरखास्त दिने अन्तिम मिति** :- २०८०।०४।२४

**४. आवेदनको दस्तुर** :- रु. ६००/- (अक्षरेपी छ सय रुपैयाँ मात्र) यस कार्यालयको नेपाल बैङ्क लि. पाँचखाल शाखामा रहेको आन्तरिक राजस्व -खाता नं. १२४०३०००००१००१००००००१) ग-१.१ मा जम्मा गरेको सक्कल भौचर दरखास्त फारामसाथ पेस गर्नुपर्नेछ।

**५. छनौटको किसिम** :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा।

**६. परीक्षा कार्यक्रम** :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन भएको समयमा प्रकाशन गरिनेछ।

**७. संलग्न गर्नुपर्ने कागजातहरु :-**
आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
क) नागरिकता,
ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र,
ग) चारित्रिक प्रमाणपत्र
घ) तालिमको प्रमाणपत्र,
ङ) अनुभव भए सोको कागजात,
च) २ प्रति पासपोर्ट साईजको फोटो
छ) अनुसूची-३ बमोजिमको आवेदन फारम

**८. सेवा सुविधा तथा अन्य** : स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

९. आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी नगरपालिकाको वेभसाईटबाट उपलब्ध हुनेछ।

१०. थप जानकारीका लागि सम्पर्क नं. प्रशासन शाखा (९७६२८८८८५८), कार्यालय (०११-४९९४१४)

**(सूर्य प्रसाद गौतम)**
**प्रमुख प्रशासकीय अधिकृत**